प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति:२०८३।०८।०२

पशु सेवा कार्यालय, ललितपुर आ.व. २०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कार्यक्रम सञ्चालनका लागि **ललितपुर, काठमाडौं** र **भक्तपुर** अन्तर्गतका इच्छुक दुग्ध उत्पादक सहकारी सस्था वा निजी फार्मले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिनभित्र रु. दश (१०) को हुलाक टिकट टाँसी एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पशु सेवा कार्यालय, ललितपुरमा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनोट प्रक्रियामा समावेश गरिने छैन।

तपसिलः

कार्यक्रमको नाम	एकाइ	लक्ष्य	प्रति एकाइ अधिकतम प्रोत्साहन रकम रु. हजारमा	संचालन गर्न सकिने क्रियाकलापहरु
असल पशुपालन अभ्यास सम्बन्धि प्रवर्द्धन कार्यक्रम	संख्या	३०	१००	कार्यविधिमा उल्लेख भए बमोजिम

कार्यक्रमको लागि छनोट मापदण्ड

(क)सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण, लेखा परीक्षण तथा कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख)प्रस्तावक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको, न्यूनतम १(एक) वर्ष पुरा भई दैनिक न्यूनतम १०० (एक सय) लिटर दुध सङ्कलन गरेको हुनु पर्नेछ।

(ग) प्रस्तावक संस्थामा आबद्ध कृषकहरुले ललितपुर र भक्तपुर जिल्लामा दैनिक न्यूनतम १५ (पन्ध्र) लिटर, काठमाडौं जिल्लामा दैनिक न्यूनतम १० (दश) लिटर दुध बिक्री गर्ने गरेको विवरण अनुसूची-१४ बमोजिमको फारम भरी प्रस्तावसँगै पेस गर्नुपर्नेछ।

(घ) साथै निजी फर्मले माथि ग मा उल्लेखित मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

पुनश्चः

एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ यस कार्यालयको **vhleclalitpur.bagamati.gov.np** वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीको लागि सम्पर्क ९८५१३३३३४९, ०१-५४४५४४९ र ९८५११३७९७० मा सम्पर्क गर्नु होला।

प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

पशु सेवा कार्यालय

लगनखेल, ललितपुर

डा. सुजा वाग्ले
कार्यालय प्रमुख